# १३ प्रकाशको पुस्तकमा आराधना

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* अयूब ४२:१-६, प्रकाश १:१३-१८, प्रकाश १३, प्रकाश १४:६-१२, प्रकाश १९:१-५।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "परमेश्वरको सिहाँसनको सामु प्रत्येक जनले नयाँ गीत गाए। चार जना जीवित जीवहरू र एल्डर तथा अगुवाहरू सामु तिनीहरूले गाए। त्यस विषेश गीत १४४,००० बाहेक अरू कसैले गाउन सिक्न सकेका थिएनन्। यस संसारको दुष्टताबाट तिनीहरूलाई स्वतन्त्र राखिएको थियो।"(प्रकाश १४:३ रूपान्तरित)।

बाइबलको अरू कुनै पुस्तक प्रकाशको पुस्तक जस्तो रहस्यमय छैन। यस पुस्तक प्रतीकै प्रतीकले भरिएका छन्। ड्रागन अर्थात् मुखबाट आगो निकाल्ने अजिङ्गर जस्तो आतङ्ककारी भयङ्कर तर काल्पनिक प्राणी र पशुहरूको प्रतिकलाई चित्रण गरेर सत्यलाई सिकाउन खोजिएको हामी पाउँछौं। त्यत्ति मात्र होइन, आगो, महाभुकम्प, रोगब्याधी, फौज, भ्यागुता, शहर र खसिएका ताराहरू आदिलाई जल्दोबल्दो चिन्हको रूपमा प्रयोग गरेर परमेश्वरले हाम्रो गहिरो वौद्धिक क्षमतालाई घचघचाउन खोजेको हामीले पाउँछौं।

तर यस पुस्तकमा प्रायजसो देखिने विषयवस्तुचाहिँ परमेश्वरको आराधना तथा उपाशना हो। युगको अन्तमा पशुरूपी राक्षसी सैतान र उसको मुर्तीलाई आराधना गर्नेहरूको गति के हुन्छ भनेर प्रकाशको पुस्तकले भण्डाफोर गरेको पाउँदछौं। अनि यहि पुस्तकले स्वर्गमा रहेका मानिसहरूले परमेश्वरको स्तुति गरेको पनि देखाइएको छ। तर मानिसहरू त्यस परमेश्वरको आराधना गर्नुपर्छ भन्ने विषयवस्तु बारम्वार दोहऱ्याइएको हामी पाउँछौं: (क) जो सदा सर्वदा जीवित हुने परमेश्वरको आराधना (प्रकाश ५:१४ रूपान्तरित) (ख) "जो हुनुहुन्थ्यो र जो आउनुहुनेछ, किनभने उहाँले शासनको महान् वागदोर आफ्नो हातमा लिनुभएको छ, उहाँ महान् शक्तिले सुसम्पन्न हुनुभएको छ" (प्रकाश ११:१७ रूपान्तरित) त्यसको आराधना (ग) जो तेजस्वी तथा

यशस्वी, अति सम्मानिनिय र शक्तिशाली (प्रकाश ४:११ रूपान्तरित) प्रभुको आराधना।

संक्षेपमा भन्ने हो भने यस अध्ययन पुस्तिकाले छलफल गरेको विषयवस्तुको सार प्रकाशको पुस्तकले देखाइएको छ। केवल हाम्रो जीवनको स्वामी सनातनका परमेश्वर, जो हाम्रो सृष्टिकर्ता, हाम्रो मुक्तिदाता, हाम्रो न्यायमुर्ती हुनुहुन्छ, उहाँमात्र हाम्रो आराधना र प्रशंसाको योग्य हुनुहुन्छ।

## १. "म उहाँको पाउँमा लम्पछार परेँ" (प्रकाश १:१३-१८ रूपान्तरित)

परमेश्वरको बिशाल तथा अथाह शक्तिको उदाहरण हाम्रो वरिपरि फिजिरहेको हामी पाउँछौं। परमेश्वरको शक्तिको ज्ञान थाहा पाउन अत्यन्न महान् उदाहरणहरूमा शायद तारा र नक्षत्रहरूको अध्ययन एक महान् र अत्यन्त प्रमुख हुनसक्दछ। हामी भन्दा अगाडि रहेका प्रायजसो मानिसहरूलाई जगतको आकार कत्रो महान थियो भन्ने ज्ञान कमै थियो। बिसौं शताव्दीमा वैज्ञानिकहरूले अचम्म तरिकाले बिकसित गरिएका विभिन्न तथा बिशाल दुरबिनहरूले जगतका यस्ता दृष्यहरूलाई देखाइरहेका छन् कि विगतका शताव्धीमा रहेका मानिसहरू जिल्ल पर्थे होलान्। हुन त अहिले पनि हबल टेलिस्कोप जस्ता दुरविनहरूले खिँचेका ताराहरू र आकाशगङ्गाहरूले हामीलाई अकमक पारिरहेकाछन्। “सत्तरी प्रतिशत जगतको बारेमा हामीलाई अझै थाहा छैन" खगोलशास्त्री अर्थात् नक्षत्र अध्ययन गर्ने विद्धानहरूले अझै पनि भनिरहेकाछन्। जुनसुकै उपकरणहरू वैज्ञानिकहरूले आविष्कार गरेतापनि जगतको बारेमा पूरा जान्न असम्भव नै छ।

अचम्मको कुरो त यो छ! जगतभन्दा महान् सर्वशक्तिमान जीवले मात्र त्यस जगतलाई सृष्टि गरेको हुनुपर्दछ। जसरी कुनै पनि चित्रकला आफै महान् हुँदैन यदि महान् चित्रकारले नकोरेको भए। त्यसकारण जुन परमेश्वरको आराधना हामी गर्दछौं, सेवा गर्दछौं त्यो परमेश्वर सारा जगतका सृष्टिकर्ता हुनुहुन्छ। सारा नक्षत्र, आकाशगङ्गा तथा जगतभन्दा उहाँ महान् हुनुहुन्छ।

जगतको समुद्रको बालुवाको एक कण जस्तो रहेको पृथ्वीको हामी मानिस, परमेश्वरको दाँजोमा हामी को हौं र?

यूहन्नाले येशूको बारेमा देखेको दर्शन प्रकाश १:१३-१८मा उल्लेख गरेको छ। त्यो वर्णन गहिरिएर पढ्नुहोस्। जब दर्शन देखे, यूहन्नाको अनुभव कस्तो थियो? जुन प्रतिक्रिया उसले देखायो त्यो किन देखाएको थियो? यहाँ पनि क्रुसको दृष्य कसरी झल्काइएको छ?

यूहन्नाको प्रतिक्रियाको दाँजोमा अयूबको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस् अयूब ४२:१-६।

परमेश्वरका यी महान् भक्तहरूले देखेका दर्शनको केवल आँशिक भागमात्र हामीलाई बताइएको छ। उनीहरूले जे देखे त्यसले तिनीहरूलाई अत्यन्त नम्र बनाउन सघाएका थिए। जब तिनीहरूले दर्शन देखे तब तिनीहरू परमेश्वरप्रति भय, अगाढ श्रद्धा र आफू तुच्छ भएको महशूस गरेका थिए। त्यसले तिनीहरूलाई पश्चताप गर्नुपर्ने आभास पनि दिइएको थियो। तिनीहरूले जगतका सृष्टिकर्ताको झलक पाइरहेका थिए। अझ पापरहित र पवित्र सनातनका परमेश्वरको झलक ती पापी मानिसहरूले पाउन सौभाग्य थियो। त्यसकारण निसन्देहः हामी यो भन्न सक्दछौं, जब तिनीहरू परमेश्वरको दर्शन देखे तब तिनीहरूले आफ्नो पापको पुर्ण ज्ञान प्राप्त भएको थियो।

जब यूहन्ना र अयूबले परमेश्वरलाई देखे तब तिनीहरूले जुन आभास पाए त्यहि आभास पाउन हाम्रा आराधनाका सेवाकार्यहरूलाई कसरी संचालन गर्ने? जब हामी व्यक्तिगत उपासना गर्छौं वा चर्चमा परमेश्वरको आराधना गर्दछौं, हामी सबै परमेश्वरको सामु छौं भन्ने भावनाले प्रेरित हुनुपर्दछ। यसले हामीलाई नम्र बनाउनुपर्दछ। चर्चको सेवाकार्यमा हाम्रो भाऊ खोज्न आउने होइन तर परमेश्वरको भाऊ बढाउन आउनुपर्दछ। यसको साथसाथै हाम्रो मुक्तिको निम्ति क्रुसलाई मात्र माथि उठाउनुपर्दछ भन्ने प्रतिवद्धताबाट पनि हामी चुक्नुहुन्न।

## २. पवित्र, पवित्र, पवित्र.....(प्रकाश ४:८-११)

बाइबलका पण्डितहरूले जतिसुकै अथक प्रयास गरेतापनि प्रकाशको पुस्तकमा धेरै रहस्यहरू अझ कायमै छ। तर एउटा महत्त्वपूर्ण बिषयचाहिँ बराबर देखापरिरहेको हामी पाउँछौं। त्यो विषय हो आराधना वा उपासना। विभिन्न मानिसहरू र स्वर्गदूतहरूले प्रभुको आराधना गरिएको दृष्यहरू प्रकाशको पुस्तकभरि हामी पाउँछौं।

आराधनीय परमेश्वरको उपासना गर्ने विषयमा देहायका पदहरूबाट हामीले के सिक्न सक्दछौं? हेर्नुहोस्ः प्रकाश ४ः८-११, ५ः८-१४, ७ः९-१२, ११ः१५-१९, १५ः१-४, र १९ः१-५। यस पुस्तकभरि अध्ययन गरेको कुन विषयवस्तुहरू ती पदहरूमा हामी पाउँछौं?

प्रकाशको पुस्तकले हामीलाई धेरै कुराहरू सिकाउन सक्छन्। तर एउटा कुरोचाहिँ धेरै महत्त्व छ जुन हामीले त्यसप्रति अत्यन्त संवेदनशील हुनुपर्दछः त्यो हो, यस संसारमा जे हुन्छ त्यसले स्वर्गमा प्रभाव पार्दछ। र जे स्वर्गमा हुन्छ त्यसले यस पृथ्वीमा असर पार्दछ। स्वर्ग र पृथ्वी हामीले नसोचेको भन्दा नजिक छ। प्रकाशको पुस्तकले त्यस घनिष्ट सम्बन्धलाई औंल्याउँदछ। परमेश्वरले यस पृथ्वीमा सम्पन्न गर्नुभएको कार्यले गर्दा स्वर्गका मानिस र स्वर्गदूतहरूले उहाँलाई आराधना गरिरहेको हामी बारम्वार पाउँछौं।

के कारणले परमेश्वरको स्तुति र प्रशंसा हामी गर्नुपर्छ भन्ने विषय यस पुस्तकमा अध्ययन गरिरहेकाछौं? परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ, उहाँ मुक्तिदाता हुनुहुन्छ र साथै उहाँ नै न्यायमूर्ती हुनुहुन्छ भन्ने विषयवस्तुमा हामी केन्द्रित भइरहेका थियौं। उहाँको पवित्रताको निम्ति प्रशंसा गर्नुपर्दछ। हामी सबैको मुक्तिको निम्ति उहाँले गर्नुभएको त्याग वा बलीको लागि उहाँको प्रशंसा गर्नुपर्दछ। उहाँको शक्तिको निम्ति र यश तथा प्रतिष्ठाको निम्ति हामी उहाँको प्रशंसा र आराधना गर्नुपर्दछ। उहाँले दिनुहुने र गर्नुहुने न्यायको निम्ति, मानिसहरूलाई गरिने न्यायोचित व्यवहारको निम्ति र उहाँले दिनुहुने मुक्तिको निम्ति आभारित भएर शाष्टाङ्ग दण्डवत गर्दै हामी उहाँको पूजा गर्नुपर्दछ।

मुक्तिको योजनाको बारेमा फेरि सोच्नुहोस्। यसको अर्थ के हो र यसद्वारा परमेश्वरले हामीलाई के दिनुभएको छ त्यसलाई पनि सोच्नुहोस्। परमेश्वरको स्तुति र प्रशंसा गर्ने धेरै कारणहरू छन्। तपाईं जुनसुकै दुःखकष्टमा गुज्रिरहनुभएता पनि परमेश्वरले तपाईंको निम्ति जे गर्नुभयो त्यसको निम्ति धन्यबाद दिन दिनदिनै केहि समय बिताउनुहोस्। हृदयदेखि परमेश्वरको स्तुती गर्दा तपाईंको जीवन परिवर्तन हुनसक्दछ।

## ३. प्रकाश १३ (पढ्नुहोस्)

जगतको अन्तमा न्यायको केन्द्रविन्दु मानिसले कसको उपासना गर्छ भन्ने विषयमा प्रवेश गरेर हामीले यो अध्ययन पुस्तकलाई अघि बढाएका थियौं। मानिस कसको भक्त हो भन्ने विषय चानचुने विषय होइन। प्रत्येक मानिसको भविष्य यसैमा निर्धारण हुन्छ। यो अत्यन्त महत्त्वपूर्ण सत्यलाई प्रकाश १३ र १४ले स्पष्ट रूपमा पुष्टि गरेको हामी पाउँछौं।

प्रकाश १३ पढ्नुहोस् र देहायका प्रश्नहरूको जवाफ दिनुहोस्:

(क) त्यस अध्यायको ऐतिहासिक पृष्ठभूमी के छ? इतिहास र भविष्यवाणीसँगको सम्बन्ध कस्तो छ भनेर ती पदहरूले छलफल गरिरहेको हामी पाउँछौं?

(ख) त्यस अध्यायमा आराधना अर्थात् उपासनाको विषयलाई बारमबार कसरी दोहर्‍याइएको छ?

(ग) त्यस अध्यायमा सुसमाचारको सन्देश कहाँ दिइएको छ?

येशू र सैतानको बिचमा भएको महान् अन्तर्द्वन्धको सुरूदेखि नै सैतानले परमेश्वरको सार्वभौमिता र शक्तिलाई नाश गर्न खोजेको थियो। जुन धर्मयुद्ध सैतानले स्वर्गमा सुरू गरेको थियो, त्यो युद्ध यस संसारमा निरन्तरता पाइएको छ। प्रकाश १३ अध्यायले परमेश्वर तथा हाम्रो परमसत्रु सैतानले विश्वको इतिहासमा कसरी सक्रिय भइरहेको छ भनेर बताउँदछ। आराधनाको विषयवस्तुमाथि भइरहेको संग्रामको अन्त कसरी हुनेछ भनेर त्यहि अध्यायले हामीलाई देखाउँदछ। जुन मानिसहरूले त्यस पशु सैतान र उसको मुर्तीको आराधना गर्दैन वा उसप्रति भक्तिभाव देखाउँदैन तिनीहरूले सैतानको भयङ्कर आतङ्कको सामना गर्नुपर्नेछ भन्ने कुरालाई खुलासा गरेको छ। सैतान आफू हारेको छ भनी थाहा छ। क्रुसले गर्दा पापी मानिसप्रति उसको बाहुल्यता गुमाइसकेको छ भन्ने कुरा उसलाई पूरा थाहा छ। तै पनि ऊ निरन्तर रूपमा लडाइँ गरिरहन चाहन्छ। जतिसक्यो धेरैलाई उसले अझ धोका दिइ नै रहेको छ। यो चाला उसले यस संसारको अन्त्यसम्म जारी राख्ने छ।

तर हामीसँग प्रकाश १३:८ अझ पनि छ। यो पद अत्यन्त मर्माहक छ र यसले हामीप्रति येशूको प्रतिवद्धता धरोहरको रूपमा खडा

भएको पाउँछौं। यस पदले भन्छः "संसारको जग बसालेको दिनदेखि नै मारिएको थुमा।" यसको अर्थ यो हो, यस संसारमा धर्म र अधर्मको युद्ध सुरू भएको अघि नै स्वर्गमा "अनन्तको करार" (हिब्रू १३:२०) स्थापना भइसकेको थियो। यसले प्रत्येक मानव जातिलाई मुक्ति पाउने अवसर दिइएको छ। जो मानिस हृदयदेखि नै येशूबाट पाउने मुक्तिलाई ग्रहण गर्दछ, र जसको नाउँ जीवनको पुस्तकमा लेखिएको छ, त्यस मानिसले सैतान र उसको छाप लागेका कुनै पनि मानव निर्मित मूर्तीलाई पूजा गर्दैन। तर तिनीहरूले त्यस आराध्य येशूको उपासक हुन्छन्, जसले "हाम्रा पापहरू उहाँको आफ्नै रगतले पखालीदिएको हुन्छ" (प्रकाश १:५)। उहाँको आराधना यस पृथ्वीबाट नै सुरू गरेर हामीले स्वर्गमा पनि निरन्तरता दिनेछौं।

## ४. प्रकाश १४ (विषेश गरेर प्रकाश १४:६-१२)

प्रकाश १४ कुन भावनालाई व्यक्त गरेर सुरू गरिएको छ रे? यहाँ स्वर्गको दृष्य छ जहाँ १४४,००० "यस पृथ्वीबाट उद्धार गरिएकाहरू छन्" (पद ३)। स्वर्गमा परमेश्वरको अघि खडा हुने यस समूहको दृष्यलाई देखाइएको छ जुन् भविष्यमा पूरा हुनेछ। हो यस पदले सिधै ती मानिसहरूले के गर्नेछ भनेर बताइएको छैन। तर तिनीहरूले स्वर्गमा कुनै खास प्रकारको आराधना गर्नेछ भन्ने आभास हामीलाई दिन्छ।

अनि, प्रकाश १३मा उल्लेख गरेको आराधनाको बिषयवस्तु प्रकाश १४ले पनि निरन्तरता दिएको हामी पाउँछौं। ती मानिसहरूले त्यस पशु सैतान र उसको कुनैपनि प्रतिमूर्तीलाई पूजा गरेका थिएनन्। बरू, तिनीहरूले आफ्ना जीवनको स्वामी प्रभुको आराधना गरिरहेको दृष्य देखाइएको छ।

यस अध्याय, अनि, पृथ्वीतिर फर्काइएको पाउँछौं। जुन ठाउँमा १३ अध्यायको अन्तभयो त्यस ठाउँबाट यस १४ अध्याय सुरू गरिएको पाउँछौं। जो मानिसहरू पशुरूपी सैतान र उसको आकृतिको उपासना गर्छ र जो मानिसहरू त्यसको उपासना नगरि त्यसबाट अलग भएर बस्दछ। ती दोस्रो समूहका मानिसहरूका नाउँहरू जीवनको पुस्तकमा लेखिएका हुन्छन्।

हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूको निम्ति प्रकाश १४:६-१२ किन अत्यन्त चासोको विषय भएको छ? यस अध्ययन पुस्तिक भरि छलफल गरिरहेको कुन विषयवस्तु ती पदहरूले देखाउछन्? ती पदहरूलाई हामीले "समयसापेक्षित सत्य" भनेर किन दावी गर्दछौं?

प्रकाशको पुस्तकमा उल्लेखित ती पदहरूमा सत्यका जल्दोबल्दो तथ्यहरूले भरिएका छन्। त्यहाँ उल्लेखित प्रशस्त आत्मज्ञानले भरिएको र पाकिएका सत्यहरू यी हुन्ः वैज्ञानिक भनाउँदाहरूले सिकाएका नास्तिक आस्थालाई पन्छाउन सृष्टिप्रति प्रतिवद्धता, अन्यायको भुमरीमा परिरहेका हामीहरूलाई परमेश्वरको न्यायको वचनवद्धता, अरूले प्रेम गरोस वा नगरोस् परमेश्वरले त प्रेम गर्नुहुन्छ नी, त्यो देखाउन येशूको बलिदानको सुसमाचार, पतित मानिसहरूको निम्ति मूक्तिको योजना, परमेश्वरका वचनहरूको पालन गर्दा हामीलाई हुने लाभ, विश्वास तथा आस्था कसमा हुनुपर्छ भन्ने खुलासा, परमेश्वर र मानिससँग सम्बन्ध राख्न सिकाउने दश सुत्र अर्थात् दश आज्ञाहरू र संसारमा हामी जिउनको लक्ष्य। बाइबलका सम्पूर्ण पुस्तकहरूमा औंल्याएको भन्दा अत्यन्त गम्भिर चेतावनी पनि त्यहि पदहरूमा हामी पाउँछौं। आराधनाको जिज्ञासालाई पनि यसले केन्द्रित गरेको हामी पाउँछौंः "तिम्रो महाकष्टको धुँवा सदासर्वदा उडिरहनेछ। पशु भन्दा निच अवगुणले भरिएको सैतान र उसको प्रतिमूर्तीलाई देवता भनेर पूजा गर्ने तिमीहरूलाई दिन रात आराम हुनेछैन। जीवनको निधारमा सैतानको नाउँको छाप लगाउन निर्णय गर्ने तिमीहरूलाई आराम र शान्तिको प्रत्याभूति हुनेछैन" (प्रकाश १४:११ रूपान्तरित)।

यस वृहत चित्र भित्र सृष्टिको सम्झनामा स्थापित भएको सातौं दिनको शबाथको महत्त्वपूर्ण ज्ञान हामी सेभन्थ-डे एडभेन्टिस्टहरूलाई थाहा छ। सब्वथलाई सृष्टि र आराधनासँग अत्यन्त घनिष्टरूपमा गाँसिएको छ। परमेश्वर सृष्टिकर्ता भएकोले नै उहाँ आराधानाको योग्य हुनुहुन्छ त्यसकारण हामी उहाँको उपासना गर्दछौं। र येशू नै सृष्टिकर्ता हुनुहुन्छ भन्ने बिश्वासमा रहिरहन देखाउने शबाथ, अझ पनि महत्त्वपूर्ण स्मारकको रूपमा हाम्रो अगाडि खडा भइरहेको छ।

भविष्यमा दुधको दुध पानीको पानी अर्थात् सत्य र अधर्मलाई परमेश्वरले कसरी छुट्याउनुहुनेछ सो को सबै ज्ञान हामीलाई छैन। तर उहाँले एक दिन धर्म र अधर्मलाई अलग गर्नुहुनेछ भन्ने कुराको निश्चयता बाइबलले खुलाएको छ। यो कुरामा हामी ढुक्क हुनुपर्दछ। त्यसकारण हामी सत्यको निम्ति मजबुत भएर खडा हुन र त्यसको समर्थनमा जवाफदेहि हुन पनि तयार भएर नै बस्न जरुरी छ। हामीले धारण गरेको सत् ज्ञान र आशाको विषयमा यदि कसैले सोधे भने निर्धक्क भएर व्याख्या गर्न हरदम तयार हुनुपर्दछ। तर तर्क वितर्क वा झोंकि भएर होइन बरू भद्र, मिलनसार र अरूको सम्मान गरेर सत्यलाई प्रस्तुत गर्नुपर्दछ (१ पत्रुस ३:१५)।

## ५. आराध्य परमेश्वरको आराधना (प्रकाश २२:८,९)

प्रकाश २२:८, ९मा यसरी लेखिएको छः “ती कुरा सुन्ने र देख्ने म यूहन्ना हुँ। जब मैले यो कुरा सुनें र देखें, तब मलाई ती कुरा देखाउने स्वर्गदूतको पाउमा दण्डवत् गर्न म घोप्टो परें। तर तिनले मलाई भने, ‘हेर, तिमीले यसो गर्नुहुँदैन। म त तिम्रो र अगमवाणी बोल्ने तिम्रा भाइहरू र यस पुस्तकका वचन पालन गर्नेहरूका सङ्गी-सेवक मात्र हुँ। परमेश्वरलाई दण्डवत गर।" यसमा केवल कसको दण्डवत, आराधना, पूजा वा उपासना गर्नुपर्छ भन्ने महत्त्वपूर्ण सत्यज्ञान के हामीलाई खुलाएको छैन र?

यस पुस्तकभरी बारम्वार हामीले यसरी भेट्टायौं, मानवजातीलाई आराधनाको आवश्यकता छ। मानिसले अपनाउनुपर्ने यो अत्यन्त उपयोगी र न्यायोचित शैली हो। फेरि कसैको पाउमा ढोगेर पूजा गर्नु मानिसको स्वभाव नै हो। अत्यन्त अचम्मको महत्त्वपूर्ण सत्यलाई देखाउने र सिकाउने स्वर्गदूतलाई यूहन्नाले साष्टाङ्ग दण्डवत गर्न चाहेको थियो। तर स्वर्गदूत वा देवदूतलाई पूजा नगर्न यूहन्नालाई निर्देशन दिइएको थियो। उसले केवल परमेश्वरको मात्र आराधना सेवा गर्नुपर्छ भनेर औंल्याइएको थियो।

यूहन्नाको यस्तो अनुभव केवल यो प्रथम पटकमात्र होइन। यूहन्नाले परमेश्वर बाहेक अर्को स्वर्गका जीव देवदूतलाई फेरि ढोग्न खोजेको हामी प्रकाश १९:१०मा पाउँछौं। यसमा पनि फेरि ती

स्वर्गदूतले परमेश्वर बाहेक उनलाई पूजा नगर्नु वा नढोग्नु भनेर यूहन्नालाई रोक्न खोजेको थियो। यसले हामीलाई येशूको महानवाणी सैतानलाई तेर्स्याइको सम्झाइ दिन्छ। येशूलाई फसाउन खोज्ने सैतानले कडा शव्दमा भन्नु भयोः "तैलें परमेश्वरलाई मात्र ढोग्नु वा पूजा गर्नु। उहाँमात्र एक हुनुहुन्छ जसलाई तिमीले सेवा गर्नुपर्दछ (मत्ती ४:१० रूपान्तरित)।"

फेरि यहि घट्नाक्रममा दुवै पल्ट यूहन्नाले येशूको पाउमा ढोग्न पनि पुगेका थियो। यूहन्नाले येशूको आराधना गर्न खोजेको हामीलाई यसले देखाउँदछ। परमेश्वरप्रति समर्पित र अगाढ श्रद्धा यूहन्नाले देखाएको थियो भनेर येशूको अगाडि साष्टाङ्ग दण्डवत गरेको प्रतिक्रियाले देखाउँदछ। परमेश्वर मात्र हाम्रो उपासनाको योग्य हुनुहुन्छ। कुनै अरूको अगाडि ढोग्नु, उपासक हुनु वा अरूलाई पूजाल तथा आराधना गर्नु गलत हो, होइन त?

परमेश्वरको आराधना गर्नु भनेको केवल हप्ताको एक चोटि सब्बथमा केहि घण्टा चर्चमा आएर ङिच्च धर्मात्माको पोशाक लगाएर उहाँको उपासक भएको देखाउन खोज्नु पनि होइन भनेर यस पाठकवृन्धहरूलाई अवगत गराउन चाहन्छौं। तर आराधना भनेको येशूको पाउमा हरदम परिरहेको मनस्थिति बोकिरहनु हो। हाम्रा सारा प्रवृति र सम्बन्धलाई परमेश्वरसँग गाँसिराख्नु नै उहाँको सत् उपासक हो भनेर जनाउँछ। सत् उपासनाले आस्थालाई जीवित राख्दछ, परमेश्वरको निर्देशनलाई पालन गर्न हरदम तत्पर हुन्छ (हितोपदेश ३: ६ हेर्नुहोस्), र परमेश्वरमा समर्पित जीवन बिताउन प्रोत्साहन दिँदछ। सत् आराधना भनेको हाम्रो सम्पूर्ण जीवनमा परमेश्वरलाई प्रथम् पङ्क्तिमा राख्नु हो। हाम्रो मुखबाट जे उच्चारण गरेतापनि, दैनिक जीवनमा जे गरेतापनि चाहे जहासुकै होस् र जे सोचेतापनि परमेश्वरको उपस्थितिको आभास पाइरहनु नै सत् आराधना हो। परमेश्वरको सत् उपासकले अरूलाई कस्तो व्यवहार गर्नुपर्छ त्यसमा पनि सचेत भइरहन औंल्याइरहन्छ। अरूलाई सद्भावना तथा प्रेम पूर्वक व्यवहार गर्न पनि सत् परमेश्वरको आराधनाको नतिजा हो। चाहे मायाको पात्र माया पाउन अयोग्य नै किन नहोस्। परमेश्वरका दस आज्ञाहरूलाई शिरोपर गरेर चल्नु पनि सत् आराधना हो। आवश्यक परेकाहरूको सेवा गर्नु वा

सहायता गर्नु पनि सत् आराधनाको फल हो। सुसमाचारको प्रचारको निम्ति आफ्नो भाउ नखोजि आफ्नो स्वार्थलाई त्याग्न सक्ने क्षमतापनि सत् आराधनाको उपज हो।

यहि सन्दर्भमा सृष्टिको बारेमा सोच्नुहोस्। सारा सृष्टि सृजनु हुने परमेश्वरको बारेमा सोच्नुहोस्। क्रुसको बारेमा पनि सोच्नुहोस्। आफूले सृष्टि गर्नुभएका मानव जनहरू पापको दलदलमा फसेको कारण त्यसबाट उचालेर स्वर्गको सम्मानमा राख्न सर्वोच्च हित चाहनुभएको सृष्टिकर्ताको बारेमा पनि सोच्नुहोस्। मानिसको पापले गर्दा मृत्युको पञ्जामा आफूलाई पारेर सम्पूर्ण वेदना तथा महाकष्ट भोग्न राजी हुनुभएको सृष्टिकर्ता येशूको बारेमा गहिरिएर सोच्नुहोस्। (जसरी कुनै छोराछोरीले आफू जन्मिन्दा आफ्नो आमाले मरसान्न कष्ट भोगेकोप्रति सजग हुँदा जीवनको अर्थलाई अमूल्य ठान्छ, त्यसरी नै कुनै व्यक्ति सृष्टिकर्ता परमेश्वरले खप्नुभएको वेदनाप्रति सजग हुन्छ त्यस व्यक्ति स्वभावैले अपार प्रेमले भरिएको सनातन परमेश्वरको पाउमा स्वतः पर्दछन्- अनुवादकको मन्तव्य)। परमेश्वरको सत् उपासनाले गर्दा नै नयाँ स्वर्गमा र नयाँ पृथ्वीमा हामी नव जीवन बिताउने सुभअवसर पाउनेछौं।

परमेश्वरले नै सारा जीवन यस पृथ्वीमा सृष्टि गर्नुभएको हो। जीवनको श्रोत परमेश्वरमात्र हुनुभएकोले उहाँबाहेक मुक्ति दिन नसक्ने कुनै पनि सृष्टि आराधनाको योग्य छैन। फेरि सृष्टिकर्ता नै क्रुसमा झुण्डिन राजी हुनुभएकोमा अरूको आराधना गर्ने के जरुरत छ र वा अरूको उपासक हुनु केको आवश्यकता छ र? केवल ममतामयी येशू जो हाम्रो सृष्टिकर्ता हुनुहुन्छ, उहाँमात्र आराधनाको योग्य हुनुहुन्छ।

## उपसंहारः

<u>थप जानकारीः</u> एलेन जी ह्वाइटद्वारा लिखित *<u>द ग्रेट कन्त्रोभर्सीको</u>* पृ. ५८२-५९२को “द इम्पेन्डिङ्ग कन्फ्लिक्ट", पृ. ६०३-६१२को “द फाइनल वार्निङ्ग", र पृ. ६६२-६७८को “द कन्त्रोभर्सी एन्डेड"।

“आराधना गर्नु भनेको हाम्रो सृष्टिकर्ताको सामु साष्टाङ्ग दण्डवत गर्नु हो। यसो गर्नाले उहाँ पवित्र र हामीलाई सृष्टि गर्नुहुने परमेश्वर उहाँ नै हुनुहुन्छ भनेर प्रतिवद्धता व्यक्त गर्नु हो। परमेश्वरको उपासना गर्नु

भनेको हाम्रो जीवन जीवनको राजालाई समर्पण गर्नु हो र उहाँ हाम्रो राजा भएर हामीमाथि राज्य गर्न सक्षम् हुनुहुन्छ भनेर स्विकार गर्नु पनि हो।" रिचार्ड एम. डेभिडसन्, आन्द्रु युनिभर्सिटी, *वर्शिप इन द ओल्ड टेस्टामेन्ट* पृ. ३बाट रूपान्तरित।

"भजनसंग्रहका लेखकले भन्दछः 'परमेश्‍वरको सेवा गर्नु र उहाँप्रति अगाढ श्रद्धा राख्नु। आनन्द र काँम्दै उहाँको सेवा गर्नु।' (भजन २:११ रूपान्तरित)। जब हामी परमेश्‍वरको आराधना गर्दछौं तब उहाँको महान् सार्वभौमिसत्तालाई स्विकार गर्दछौं। उहाँ हाम्रो राजा हुनुभएकोले उहाँको राजकिय शक्तिलाई पनि स्विकार गर्दछौं। हामीलाई यो पनि याद छ, 'हाम्रो परमेश्‍वर सबै थोकलाई जलाएर भष्म पार्न सक्ने आगो जस्तै हुनुहुन्छ' (व्यवस्था ४:२४, हिब्रू १२:२९ रूपान्तरित)। हाम्रो बदलीमा येशू नमर्नुभएको भए हामी पनि तुरन्तै नाश हुन्थ्यौं होला। हाम्रो सट्टा कलभरीको बेदीमा उहाँ जल्नुभएको थियो।"

"त्यसकारणले हामीले गर्ने उपासनाले आनन्द र अगाढ श्रद्धालाई संतुलन राख्नु पर्दछ। उहाँको उपासना गर्दा पवित्र आनन्दले भर्नुपर्दछ।...श्रद्धा भक्तिसाथ गम्भिर भएर गर्ने हाम्रो आराधना आनन्दले भरिपूर्ण हुनुपर्दछ।"– रिचार्ड एम. डेभिडसन्, पृ. ३०बाट रूपान्तरित।

"जगतको उच्च स्थानहरूमा पुग्ने गरेर मुक्ति पाएकाहरूले ठूला ठूला स्वरले प्रशंसाको आवाजले गुञ्जायमान हुनेछः 'मुक्तिदिने अधिकार परमेश्‍वरमै निहित भएको छ जो जगतको सिहाँसनमा बिराजमान हुनुहुन्छ। मुक्तिको अधिकार परमेश्‍वरको थुमामा निहित भएको छ," (प्रकाश ७:१० रूपान्तरित).....स्वर्गमा आकाश झैं चम्किएका सारा जन लहरमा कुनै एक जनाले पनि यो दावी गर्न सक्दैन, "हाम्रै असल धर्मकर्मको प्रयासबाट योग्य भएका हुनाले मुक्ति पाउन हामी योग्य भएका छौं।" सारा दुःख कष्ट जुन तिनीहरूले खप्नु परेको थियो, त्यो तिनीहरूको निम्ति केहि हुनेछैन जब तिनीहरूको एउटै लक्ष्य यो गाउन हुनेछ 'परमप्रभु परमेश्‍वर र थुमाको मुक्तिको जय।'"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ६६५बाट रूपान्तरित।

**चिन्तनमननः**

क. विश्वासीहरू बीच यी केहि विषयमा छलफल गर्नुहोस्ः मुक्तिको योजना, अचम्म तरिकाले परमेश्वर मानिस हुनुभएको येशू, हामीहरूको निम्ति पापरहित जीवन र हाम्रो निम्ति क्रुसमा भोग्नुभएको महाकष्ट र उहाँको दोस्रो आगमनको वाचा ।

ख. साप्ताहिक चर्चको सेवामा नभएको बेलामा पनि कुन कुन तरिकाबाट परमेश्वरको आराधना हामी गर्न सक्दछौं? सबै समयमा परमेश्वरको उपासना नगरिरहेको भएतापनि कमसेकम शबाथको केहि घण्टाहरूमा परमेश्वरको आराधना हृदयदेखि गर्नसक्दछौं त? यसबारे चर्चापरिचर्चा गर्नुहोस्।

ग. यस्ता के के असल कुराहरू नै हुनसक्छन् जुन परमेश्वरको सत् आराधनाको निम्ति खतरापूर्ण हुनुसक्दछन्?